## मिति २०८१ मंसिर १२ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ३५ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ३४ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति बारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

यही मंसिर १६ गते पर्ने मन्थली नगरपालिकाको १० औं स्थापना दिवस मन्थली नगरपालिकाको सभा हलमा विविध कार्यक्रम सञ्चालन गरी मनाउने र स्थापना दिवसको अवसरमा अतिथीको रुपमा देहाय बमोजिमका महानुभावहरुलाई आमन्त्रण गर्ने ।

- रामेछाप जिल्लाबाट संघीय संसदको प्रतिनिधित्व गर्ने नेपाल सरकारको वहालवाला राज्यमन्त्री, रामेछाप जिल्लाबाट वागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने माननीय प्रदेश सभा सदस्यहरु
- जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख
- प्रमुख जिल्ला अधिकारी लगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु
- निवर्तमान नगर प्रमुख, उपप्रमुख र वडा अध्यक्षहरु
- नगरपालिका स्थित राजनैतिक दलका प्रमुखहरु
- विभिन्न डिभिजन कार्यालयका प्रमुखहरु
- पत्रकार महासंघ लगायतका मिडियासँग सम्बन्धित क्रियाशिल संघ संगठनका प्रमुखहरु र मिडीया हाउसका प्रतिनिधीहरु
- रामेछाप उद्योग वाणिज्य संघ
- गैर सरकारी संस्था महासंघ

कार्यक्रमका अवसरमा नगरभित्रका उत्कृष्ट विद्यालय, उत्कृष्ट विषय शिक्षक र आधारभुत तहमा सर्वोत्कृष्ट अंक हासिल गर्ने छात्रछात्रालाई नगद र प्रमाणपत्र सहित सम्मान गर्ने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणाका तयारीका लागि हालसम्म भएका वडागत र नगरस्तरीय प्रगति र अब गर्नु पर्ने क्रियाकलापको सम्बन्धमा छलफल गरियो ।

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बालमैत्री स्थानीय शासनयुक्त वडा र नगर घोषणाका लागि कमजोर सुचक पुरा गर्न पूर्वाधारजन्य सार्वजनिक शौचालय, विद्यालय कक्षा कोठा तथा घेरावार, खानेपानी धारा लगायतका संरचनाको स्थलगत अनुगमन गरी तथ्याङ्क तयारीका लागि देहाय बमोजिमको कार्यदल निर्माण गर्ने । कार्यदलको TOR कार्यदल आफैले तय गर्न सक्नेछ ।

(क) संयोजक श्री रविन कार्की वडा अध्यक्ष
(ख) सदस्य श्री गणेश माझी कार्यपालिका सदस्य
(ग) सदस्य श्री वालाकाजी श्रेष्ठ नगरसभा सदस्य
(घ) सदस्य श्री लोकेन्द्र वुढाथोकी सव इन्जिनियर
(ङ) सदस्य सचिव श्री उज्वल अधिकारी बालमैत्री नगर सहजकर्ता

**निर्णय नं. ४**

रसियन राजदुतावासका प्रथम सचिवको मन्थली नगरपालिका भ्रमणको समीक्षा गरियो । रसियन राजदुतावासको प्रथम सचिवको भ्रमणको क्रममा भएको खर्च अनुमोदनका साथै संयुक्त वैठकमा छलफल भएका देहाय बमोजिमका कार्यक्रम सञ्चालनमा सहयोग उपलब्ध गराउन रसियन राजदुतावास र रसियन कल्चर सेन्टरलाई अनुरोध गर्ने ।

(क) मन्थली नगरपालिकाका विद्यार्थीहरुलाई अध्ययनका लागि छात्रवृत्ती उपलब्ध गराउने ।
(ख) पर्यटन क्षेत्रको विकासका लागि मनपा २ करम्बोटदेखि मनपा ६ को कुनौरी पक्की पुलसम्मको तामाकोशी करिडोरमा मोपेड फुटट्रेल निर्माणमा सहयोग पुर्याउने ।
(ग) व्यवसायिक कृषि उत्पादनमा सहयोग पुर्याउने ।
(घ) रसियाका उत्कृष्ट शहरहरुसँग भगिनी सम्बन्ध कायम गर्न प्रक्रिया अगाडि बढाउने

**निर्णय नं. ५**

गत असोज १०, ११ र १२ गतेको अविरल वर्षाका कारण क्षति पुगेका नगरभित्रका भौतिक संरचना र वर्षाका कारण परेको असरको छानविनका लागि गठित समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल गरियो । समितिबाट केही वडाको अनुगमन गर्न बाँकि रहेकाले अन्तिम प्रतिवेदन प्राप्त भएपछि विपदको व्यवस्थापनका लागि थप निर्णय लिने ।

**निर्णय नं. ६**

मन्थली नगरपालिकाको वडा नं. १ मा रहेको मन्थली अस्पताल र मनपा १ मा रहेको सानिमदौमा सुरक्षा व्यवस्था थप सबल बनाउन अस्थायी प्रहरी विट स्थापनाका लागि जिल्ला सुरक्षा समितिमा सिफारिस सहित अनुरोध गर्ने ।

देवीदत्त सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयबाट सार्वजनिक गरिएको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाको आवश्यक लागत साझेदारीका लागि प्रतिबद्धता सहित मन्थली नगरपालिका वडा नं. १४ मा सुन्तला जात फलफुल कार्यक्रम प्रस्ताव गर्ने ।

निर्णय नं. ८

मन्थली नगरपालिका क्षेत्रभित्र रहेका कृषि उपजको प्रदर्शनीका लागि कृषि मेला आयोजनाको तयारीका लागि सम्बन्धित शाखालाई निर्देशन दिने ।

निर्णय नं. ९

नेपालका चर्चित रेस्लिङ्ग खेलाडी मनपा १२ निवासी भगवती खड्काको वृत्ती विकास तथा खेल सहभागीताका लागि रु ७५००० (पचहत्तर) सहयोग उपलब्ध गराउने ।

निर्णय नं. १०

जनप्रतिनिधीसँग सामुदायिक विद्यालय कार्यक्रम सञ्चालनका लागि ३००००० (अक्षेरुपी तीन लाख) वजेट व्यवस्थापन गर्ने ।

२०८१।८।१३